# तामाकोशी गाउँपालिका

## गाउँपालिकाको कार्यालय

जफे, दोलखा

वाग्मती प्रदेश, नेपाल

---

**आन्तरिक आय सङ्कलनको ठेक्का बन्दोबस्त गर्ने शिलबन्दी बढाबढ बोलपत्र सम्बन्धी सूचना**

प्रथम पटक सूचना प्रकाशित मितिः (२०८२/०४/१२)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE), बाग्मती प्रदेश सरकारको आर्थिक ऐन, २०८३ को भाग (१) को अनुसूची ५ मा भएको व्यवस्था अनुसार देहायका शिर्षकहरूमा कर तथा शुल्क असुली सम्बन्धी आर्थिक वर्ष २०८३/०८४ का लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको website Centralize egp portal www.bolpatra.gov.np/egp मार्फत ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानुनी प्रकृया पुरा गरेको इच्छुक फर्महरुले अनलाइन मार्फत बोलपत्र पेश गर्नु पर्नेछ ।

ठेक्का विवरणः

| ठेक्का नं. | ठेक्काको विवरण | आ.व. ०८३/८४को लागि निर्धारित ढुङ्गा, गिट्टी, वालुवा, स्लेट, ग्राभेल र रोडा आन्तरिक बिक्री तथा घटागद्दि( स्वीकृत खानी क्षेत्र बाहेक) परिमाण (क्यु.फुट) | ढुङ्गा, गिट्टी, वालुवा, स्लेट, ग्राभेल र रोडा आन्तरिक बिक्री तथा घटागद्दि ( स्वीकृत खानी क्षेत्र बाहेक) को समकलन शुल्क र निकासी शुल्क ले हुने न्युनतम अंक रू. (भ्याट बाहेक) | बोलपत्र दस्तुर रू.(१२७०३० ००१४२) | धरौटी रकम रू. १२७०३००० २३ |
|---|---|---|---|---|---|
| (01/TRM/ NCB/Goods/ 2083-084) | Internal and External Revenue Collection from Extraction and selling of River Materials.(Khimati Khola) | ४,०७,३२०.६४ | २८,५१,२४४.४८ | ०।- | कुल कबोल अंकको पाँच प्रतिशत |
| (02/TRM/N CB/Goods/2 083-084) | Internal and External Revenue Collection from Extraction and selling of River Materials.(Dholi Khola) | ११,५०,९००.६१ | ८०,५६,३०४.२७ | ०/- | कुल कबोल अंकको पाँच प्रतिशत |
| (03/TRM/ NCB/Good s/2083- 084) | Internal and External Revenue Collection from Extraction and selling of River Materials.(Gopi Khola) | १,४८,९६०.५७ | १०,४२,७२३.९९ | ०/- | कुल कबोल अंकको पाँच प्रतिशत |

## ठेक्का सम्बन्धी शर्तहरु :

१) माथि उल्लेखित ठेक्काहरुको बोलपत्र भर्दा आन्तरिक विक्रि एवं घाटगद्दी (स्वीकृत खानी क्षेत्रबाहेक) को शुल्क उल्लेख गर्नु पर्नेछ । कबोल रकम अंक र अक्षर दुवैमा खुलाउनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिइनेछ । बढाबढमा सबैभन्दा बढी अंक कबोल गर्ने बोलपत्र स्वीकृत गरिनेछ ।

२) ठेक्का अवधि सम्झौता भएको मिति देखि २०८४ जेठ मसान्त सम्म रहनेछ । तर ठेक्कामा मालसामानको परिमाण एकिन भएको र परिमाण अनुसारकै ठेक्का अङक कायम गरिएकोले आवश्यक प्रक्रिया पुरा गरि उक्त परिमाण सो भन्दा कम अवधिमा पनि बिक्री निकासी गर्न सकिने छ। साथै परिमाणको आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हड्ताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दाबी गर्न पाइने छैन। प्रारम्भिक वातावरणीय परिक्षण (IEE )प्रतिवेदन ले निषेध गरेको अवधिमा नदी क्षेत्रबाट सामग्री उत्खनन् गर्न पाइने छैन । तर विभिन्न स्थानमा थुपारी रहेको मौज्दात सामाग्री विक्रि तथा निकासी गर्न सकिनेछ ।

३) माथि उल्लेखित ठेक्कामा कबोल अंकको थप मू.अ. कर (१३) प्रतिशत राजस्व ठेक्का लिने फर्मले यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

४) धरौटी बापत कबोल गरेको अंकको पाँच प्रतिशत रकम यस कार्यालयको लक्ष्मी सनराईज बैङ्क जफे शाखामा धरौटी खाता नं. १२७०३०००००२३ मा दाखिला गरी सो को सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त क वर्गको वाणिज्य वैंक को जमानत (विड बण्ड) को सक्कलपत्र बोलपत्रसाथ संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी वा जमानत रकमलाई किस्तामा समावेश गर्न पाइने छैन । नियमानुसार कागजात पेश गरेपछि (विड बण्ड) प्रचलित कानुन बमोजिम फिर्ता गरिनेछ ।

५) बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको लक्ष्मी सनराईज बैङ्क जफे शाखामा आन्तरिक राजश्व खाता नं. १२७०३०००१४२ मा जम्मा गरी सो को सक्कल भौचर सहित दाखिला गर्नुपर्नेछ ।

६) कारण जनाइ वा नजनाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

७) बोलपत्र दिँदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रित नपुगी आएको बोलपत्र उपर कुन कारबाहि हुने छैन ।

८) ठेक्कामा कुनै विवाद भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

९) उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले तोकिएको समयभित्र बोलपत्र खरिद गरी २२ औ दिनको १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको website centralize egp portal www.bolpatra.gov.np/egp मार्फत बुझाउनु पर्नेछ। प्राप्त बोलपत्रहरु २२ औं दिनको १३:०० बजे गाउँपालिकाको कार्यालयमा खोलिनेछ ।

१०) यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्रसाथ संलग्न गरिएको अन्य शर्तहरुका प्रत्येक बुँदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछन ।

११) यस सूचना तथा बोलपत्रसाथ संलग्न शर्तहरु पुरा नभएका बोलपत्रहरु मूल्यांकनमा समावेश गरिने छैन ।

१२) बोलपत्र पेश गर्दा पेश गर्ने फर्मको व्यावसायिक नविकरण प्रमाणपत्र, स्थायी लेखा नं./मु.अ.करको प्रतिलिपि र आ व २०८१/०८२ को करचुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी पेश गर्नुपर्नेछ ।

१३) पेश हुन आएका बोलपत्र, बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ तर निजको अनुपस्थितिमा पनि खोल्न सकिनेछ ।

१४) अन्य कुराहरु यस कार्यालयको सूचना पार्टीमा तथा वेवसाइट www.tamakoshimun.gov.np मा उल्लेख गरिएको सूचना तथा अन्य प्रचलित ऐन,कानुन बमोजिम हुनेछन् ।